# सेन्चुरी ईन्र्जी लिमिटेड

काठमाण्डौ महानगरपालिका – ९ , रातोपुल




## हाडि खोला सनकोशी ए साना जलविद्यत आयोजना (९९७ किलोवाट)

## वार्षिक प्रतिवेदन

२०८१

# सेन्चुरी ईन्र्जी लिमिटेड

काठमाण्डौ महानगरपालिका - ९, रातोपुल

२०८०।८१

वार्षिक साधारण सभा

२०८०

**सेन्चुरी इनर्जी लिमिटेड**

का.म.न.पा.-९ काठमाण्डौ

आ.व. २०८०।०८१ को वार्षिक साधारण सभा सम्बन्धि सूचना

मिति २०८०। ०७ । २५ गते वसेको संचालक समितिको वैठकको निर्णयानुसार यस सेन्चुरी इनर्जी लिमिटेडको आ.व. २०८०।०८१ को वार्षिक सधारण सभा निम्न मिति स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा सम्पुर्ण शेयरधनी महानुभावहरुको अनिवार्य उपस्थितीको जानकारीको लागी अनुरोध गरीएको छ ।

सभा हुने मिति , स्थानः

मिति  २०८१ पौष २० गते, शनिवार, दिनको ९ बजे

स्थान :कम्पनिको कार्यलय, रातोपूल, काठमाण्डौ

**छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्तावः**

१) संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने ।

२) लेखा परिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात नाफा / नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत अन्य अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने ।

३) संचालक समिति चयन गर्ने सम्बन्धमा ।

४) आ.व. २०८१।०८२ को लागी लेखा परिक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव ।**

१) संचालक समितिबाट सिफारिश भए अनुसार आर्थिक वर्ष २०८०।८१ मा कम्पनीले कमाएको मुनाफाबाट चुक्ता पुजीको ८.५० प्रतिशत (करसहित) मौजुदा शेयरधनीहरुलाई गरिने नगद बोनश बितरण स्वीकृत गर्ने सम्बन्धमा ।

**(ग) विविध** ।

१) नियमन निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा शंसोधन गर्नुपर्ने अवस्था आईपरेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक शंसोधन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।

संचालक समितीको निर्णय अनसार

कम्पनि सचिव

# सेन्चुरी इनर्जी लि.

**श्री मान शेयरधनी ....................................ज्यू**

**बिषय :- आ.ब.०८०।०८१ को बार्षिक साधारण सभा सम्बन्धि सुचना**

यस सेन्चुरी इनर्जी लि. को आ.ब.०८०।०८१ को बार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा बस्ने भएकोले सो साधारणसभामा उपस्थित हुन सवै शेयरधनी महानुभावहरुलाई उक्त साधरण सभामा पेश हुने प्रस्ताब सहितको पत्र सहित जानकारी गराइएको हुदा साधारण सभामा उपस्थित भई दिनुहुन सवै शेयरधनी महानुभावहरुलाई अनुरोध छ ।

**साधारण सभा पेश हुने छलफलका बिषयहरुः**

१) आ.ब. ०८०।०८१ को बार्षिक प्रतिबेदन सम्बन्धमा

२) आ.ब.. ०८०।०८१ को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।

३) आ.ब. ०८१।०८२ को लेखा परिक्षक नियुक्ति गर्ने सम्बन्धमा ।

४) आ.ब. ०८०।०८१ को आम्दानी वाट नगद बोनस वितरण सम्बन्धमा मा ।

५) कम्पनिको आगामी कार्यदिशा सम्बन्धमा मा ।

५) बिबिध ।

**साधारण सभा हुने स्थान मिति र समयः**

मितिः२०८१।९।२०

स्थानः कम्पनिको कार्यलय, कामनपा ९, काठमाण्डौ ।

समयः दिनको ९:०० बजे ।

कृष्ण प्रसाद दुलाल

अध्यक्ष

# प्रतिनिधि (प्रोक्सी) फारम

श्री संचालक समिति

सेन्चुरी इनर्जी लिमिटेड

का.म.न.पा ९, रातोपुल काठमाण्डौ।

**बिषय :- प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको सम्बन्धमा ।**

महाशय

.................................जिल्ला .............. न.पा. / गा.पा. वडा नं............... मा बस्ने म / हामी ........................................... त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८१ पौष २० गते का दिन हुने २०८०।०८१ को बार्षिक साधारण सभामा म / हामी स्वयम उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो / हाम्रो तर्फ बाट भाग लिन तथा मतदान गर्नका लागि ..............जिल्ला .............. न.पा./ गा.पा. वडा नं........... बस्ने श्री .....................................लाई नियुक्त गरि पठाएको छु / छौं ।

| | |
|---|---|
| प्रतिनिधि नियुक्त भएको व्यक्तिको | निवेदकको |
| दस्तखतको नमुना :- | दस्तखत |
| नामथर :- | नामथर :- |
| ठेगाना :- | ठेगाना :- |
| शेयरधनी नं :- | शेयरधनी नं :- |
| शेयर संख्या :- | शेयर संख्या :- |
| मिति :- | मिति :- |

## अध्यक्षको मन्तव्य

**आदरणीय शेयरधनी महानुभावहरु**

सेन्चुरी ईनर्जी प्रा लि., सिन्धुपाल्चोक जिल्ला स्थित त्रिपुरासुन्दरी गाउपालिका १ तथा बाह्रविसे नगरपालिका १ र २ भएर बहने हाडि खोलामा एक साना जलविद्युत आयोजना निमार्ण तथा संचालन गर्न विक्रम संम्वत २०६८ साल श्रावण ३१ गते कम्पनी रजिष्ट्रारको कार्यलयमा विधिवत रुपमा दर्ता भएको कम्पनी हो । कम्पनिले हाडि खोलामा एक आयोजना ९९७ किलोवाट को निमार्ण गरि चार वर्षवाट नियमित रुपमा संचालन गरिरहेको छ । अहिले यो कम्पनि १३ औ वर्षमा संचालन भइरहेकोछ साथै यस कम्पनिमा हाल ८६ जना शेयर सदस्यहरु हुनुहुन्छ साथै अघिल्लो साधारण सभावाट छनौट गरिएका संचालकहरु क्रमश श्री कृष्ण प्रसाद दुलाल, श्री तिर्थ कुमार सिंह, श्री खडक बहादर श्रेष्ठ, श्री अनु निरौला बस्नेत र श्री विश्व प्रकाश गौतम कार्यरत हुनुहुन्छ । यो कम्पनि २०८० साल आषाढ २१ गते लिमिटेड कम्पनिमा परिवर्तन भएको छ । कम्पनि लिमिटेडमा परिवर्तन पश्चात विद्यमान कानुन अनुसार श्री माधव राज घिमिरे स्वतन्त्र संचालकको रुपमा मिती २०८१ फाल्गुण २ वाट कार्यरत हुनुहुन्छ ।

**शेयरधनी महानुभावहरु**

कम्पनीको साधारण सभामा उपस्थित भएर वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउदा मलाइ खुशी लागेको छ । यो २०८०।८१ को वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा कर्मचारीहरुमा संचालक समिती तथा म आफनो तर्फवाट हार्दिक अभिवादन व्यक्त गर्दछु ।

यस कम्पनीले अहिले सिन्धुपाल्चोक जिल्लाको त्रिपुरासुन्दरी गाउपालिका र बाह्रविसे नगरपालिकाको सिमा नदिका रुपमा बहने हाडि खोलामा एक जलविद्युत आयोजना (हाडिखोला सुनकोशी ए साना जलविद्युत आयोजना) निमार्ण सम्पन्न गरि १२ भाद्र २०७७ वाट व्यवपारिक उत्पादन शुरु गरि हाल पाचौ वर्षमा संचालन गरिरहेको छ ।

**१) हाडिखोला साना जलविद्युत आयोजना (९९७ किलोवाट)**

क) नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत विकास विभाग वाट हाडि खोला सुनकोशी ए साना जलविद्युत आयोजनाको ९९७ किलोवाट क्षमताको सम्पूर्ण प्रक्रिया पुरा गरि निमार्ण सम्पन्न गरेको हो । यस आयोजनाको निमार्ण लागत २४ करोड मध्ये रु ८ करोड स्वपूजी र बाकी बैक वाट ऋण लिइएको हो ।

ख) आयोजना निर्माण सम्बन्धमा - कम्पनीले यो आयोजना निर्माण कार्य २०७६ कार्तिक वाट शुरु गरेर १८ महिना भित्र २०७७ फाल्गुण ३ गते सम्ममा सम्पन्न गर्ने लक्ष्य लिएको भएता पनि विश्वव्यापी फैलिएको कोभिड १९ महामारीको कारण काममा अवरोध उत्पन्न भै २०७७ साल भाद्र १२ गते बाट व्यवपारिक उत्पादन गर्न सफल भएको हो ।

ग) हाडि खोला साना जलविद्युत आयोजना वाट आर्थिक वर्ष ०८०।०८१ मा निम्न अनुसारको उर्जा उत्पादन भएको छ ।

- सुख्खा मौसमको उर्जा उत्पादनको लक्ष्य ३.७० गिगावाट घण्टा मध्ये ३.१४ गिगावाट घण्टा उत्पादन भएकोछ ।
- वर्षा मौसमको उर्जा उत्पादनको लक्ष्य ४.१७ गिगावाट घण्टा मध्ये ३.६५ गिगावाट घण्टा उत्पादन भएकोछ ।

घ) विद्युत खरिद विक्री सम्झौता अनुसार यस आयोजनाको विद्युत खरिद दर सुख्खायाम (मंसीर १६ देखि जेठ १५ गते सम्म) ६ महिना प्रति युनिट रु ८।४० र वर्षायाम (जेठ १६ देखि मंसिर १५ गते सम्म) ६ महिना प्रतियुनिट रु ४।८० रहेको छ । सो सम्झौता अनुसार व्यापारिक उत्पादन भएको मिती लाइ आधार वर्ष मानी यस आर्थिक वर्ष ०८०।०८१ को लागी चौथो पटक ३ प्रतिशतको मूल्यवृद्धि गरेर सुख्खायामको प्रति युनिट रु ९।१६ र वर्षायामको प्रतियुनिट रु ५।२३ रहेको छ ।

ङ) कम्पनीले यस आर्थिक वर्षमा विद्युत विक्री वाट ४ करोड ७७ लाख आम्दानी गर्न सफल भएको छ ।

च) कम्पनीले यस आयोजनामा ऋण लगानीको लागी माछापुच्छे बैक वाट लिइएको ऋण मध्ये आर्थिक वर्ष ०८०।०८१ को अन्त्यमा रु ११ करोड ३८ लाख बाकी रहेको छ ।

छ) यस आयोजनाको विद्युत उत्पादन अनुमति (Generation License) प्राप्तिको लागि नेपाल सरकार उर्जा मन्त्रालय, विद्युत विकास विभागमा सम्पूर्ण प्रकृया पुरा गरि मिती २०७५ भाद्र २५ गते प्राप्त गरेको हो साथै यो आयोजना १ मेगावाट भन्दा साना भएकोले विद्युत उत्पादन अनमतिको अवधि उल्लेख गरिएको छैन ।

ज) २०८० साल भर मेसिनमा कुनै ठुलो समस्या देखिएन र मेसिन नियमित रुपमा संचालन भएको छ । नियमित मर्मत संभार तथा स्पेयर पाटपूर्जा को उचित व्यवस्थापनले गर्दा विद्यतगृह संचालन राम्रो संग भएको छ ।

झ) २०८० सालको मनसुनी वर्षात र त्यस पश्चात आएको पहिरोले आयोजनाको विभिन्न संरचनाहरुलाइ क्षति पुरयाएको थियो । आयोजनाको हाडिखोला तर्फको मुहान, मुहानसम्म पुग्ने पहुच मार्ग, पाइपलाइनमा क्षति पुरयाएकाले गर्दा आयोजना संचालनमा समेत केहि समस्या देखिएता पनि सोको पूर्ण मर्मत सम्पन्न भइसकेकोछ ।

ञ) गत मनसुनको बाढि तथा पहिरोले भएको क्षति मूल्याङकन गरि सिभिल तर्फ करिब रु ३९ लाख र हाइड्रोमेकानिकल तर्फ करिब रु १६ लाख बराबरको क्षतिको विमा दाबी गरिएको तथा सम्पूर्ण मर्मत वापत करिब रु ३५ लाख खर्च भएकोमा विमा कम्पनि वाट मात्र रु २३ लाख प्राप्त भयो ।

ट) आयोजनामा भएको क्षतिलाइ पूननिमार्ण गर्न सिभिल तर्फ श्री सुन्धारा निमार्ण सेवा र हाइड्रोमेकानिकल तर्फ श्री प्रीसाइज हाइड्रो इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा लि लाइ जिम्मा दिइएको थियो ।

ठ) सिभिल तथा पाइपलाइन को मर्मत संभारको कार्य सम्पन्न गरि हाडिखोला मुहान तर्फ पानी खसाल्नका निम्ति सिभिल र पाइप लाइनको काम २०८० साल कार्तिक १८ गते शुरुभइ २०८० साल कार्तिक २५ गते सम्पन्न गरि सोहि मिती वाट आयोजना पूर्ण क्षमतामा संचालन हुन थालेको छ ।

ड) आयोजनाका सिभिल र हाइड्रोमेकानिकल तर्फको सम्पूर्ण सरचनाहरुको पूननिर्माण गर्ने कार्य जेठ मसान्त सम्म सम्पन्न भएको हो ।

२) प्रसारण लाइन सम्बन्धमा - यस आयोजना वाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरण संग तय गरिएको Grid connection Agreement अनुसार स्थानिय ११ केभि वितरण लाइनमा जोडिएको छ । आयोजनाले नेपाल विद्युत प्राधिकरण संग समन्वय गर्दै स्थानिय प्रसारण लाइनलाइ मर्मत गर्ने कार्य जारी राखेको छ । साथै बुदेपा वाट हाडिखोला विद्युतगृह सम्म तार परिवर्तन गर्ने कार्य सम्पन्न भएको छ ।

३) सडक पूर्वाधार सम्बन्धमा - काठमाण्डौ वाट आयोजना जादा बाह्रविसे सम्म कालोपत्रे सडक उपलब्ध छ भने बाह्रविसे वाट आयोजनास्थल सम्म करिब १२ किमी कच्ची सडक छ । यस कच्ची सडकको मर्मत संभारमा पनि आयोजनाले सहयोग गर्दै आइरहेको छ ।

४) कम्पनीको भावि लक्ष्य
कम्पनिले लमजङ तथा गोर्खा जिल्ला मा निमार्ण सम्पन्न भएको चेपेखोला ए जलविद्यत आयोजनामा रु १ करोडको प्रोमोटर शेयरको रुपमा लगानी गरि सकेको छ साथै थप जलविद्युत आयोजनाहरुमा लगानी गर्ने वा आफै नेतृत्व लिएर निमार्ण अगाडि बढाउने प्रयास गरिरहेको छ । हाल निम्न आयोजनहरु संग छलफल जारी रहकोले अन्तिम निष्कर्षका लागि केहि समय लाग्ने छ ।

- चिसाङ खोला आयोजना, मोरङ - १.८ मेगावाट (ड्राफट पिपिए सम्पन्न भएको)
- अपर माया खोला आयोजना, संखुवासभा - ५ मेगावाट (ग्रीड सम्झौता सम्पन्न भइ ड्राफट पिपिए समेत भइसकेको छ)

हामीले यो कम्पनीलाइ माथि उल्लेखित आयोजनाहरु मध्ये कुनै आयोजना बनाउने गरि मात्र सीमीत गर्ने छैनौ । यसलाइ विस्तार गर्दै एउटा पब्लिक लिमिटेड कम्पनिको रुपमा परिवर्तन भइसकेको छ साथै अब यस कम्पनिलाइ पूजी बजार सम्म पहुच विस्तार गर्ने योजना रहेको छ । जसको कारणले यस कम्पनिको आकार र वितिय क्षमता बृद्धि गर्ने कममा थप १४ जना नया शेयर सदस्य सहित ८६ जना शेयर सदस्य मार्फत रु ४ करोड बराबरको स्वपुजिको वृद्धि भइ अब १२ करोडको स्वपूजी भएको छ । अब यस कम्पनिले जलविद्युत साथै अन्य क्षेत्रमा पनि लगानी लाइ विस्तार गरिने छ । जलविद्युतको हकमा अन्य नया आयोजनाहरु संभाव्यता अध्ययन लाइ समेत अगाडि बढाइने योजना रहेको छ ।
हाम्रो लक्ष्य तपाइहरु सबैको लगानीलाइ सकेसम्म बढि परिणाम मुखी बनाउने रहनेछ । यसैलाइ केन्द्रविन्दु बनाएर कम्पनी अगाडि बढने कुरा विशवास दिलाउन चाहान्छौ ।

५) संस्थागत सामाजिक उत्तरदायित्व
कम्पनीले आर्थिक वर्ष ०८०।०८१ मा आपनो सामाजिक उतरदायितव अन्तर्गत आयोजनावाट प्रभावित वडाहरु तथा क्लब लाइ निम्न अनुसारको सहयोगको कार्यहरु गरेको छ ।

श्री त्रिपरासुन्दरी गाउपालिका वार्ड नं १ - रु ३ लाख १० हजार बराबर को मेसिनरी तथा सोलिड गर्ने कार्य सम्पन्न गरेको छ ।
श्री बाह्रबिसे नगरपालिका वार्ड नं १ - रु १ लाख ५० हजार बराबरको नगद सहयोग गरेको ।
बाह्रबिसे नगरपालिका वार्ड नं २ - रु १ लाख ५० हजार बराबरको नगद सहयोग गरेको ।
सेतो लालिगुरास युवा क्लब - रु १ लाख बराबर नगद सहयोग गरेको ।

अहिले पनि कम्पनिले आयोजना नजिक का वडा कार्यलय, गाउपालिका, नगरपालिका, विधालय, क्लब आदि संग समन्वय गरेर काम गरिरहेको जानकारी गराउछु साथै यस आयोजनाको सर्भेक्षण तथा उत्पादन लाइसेन्स, उपलब्ध गराउने विद्युत विकास विभाग तथा उर्जा मन्त्रालय, विद्युत खरिद गरिदिने विद्युत प्राधिकरण, वातावरणिय प्रभाव मूल्याङकन (EIA) स्वीकृत गर्ने वन तथा वातावरण मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यलय, उधोग विभाग, आयोजना कार्यन्वयन सिफारिस दिने सम्बन्धित वडा कार्यलयका अध्यछ लगायत सम्पूर्ण सम्बन्धित सबै प्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

हाम्रो नेतृत्वलाइ विश्वास गरेर संस्थापक शेयरहोल्डरको रुपमा लगानी गर्ने शेयरहोल्डर महानुभावहरुलाइ पनि मैले हार्दिक धन्यवाद दिन चाहान्छु । यसबाहेक आफनो व्यस्तताका विचमा पनि कम्पनिले भनेको समयमा तत्काल समय उपलब्ध गराएर स्थानिय काममा समन्वय र सहयोग गर्नहुने सबै स्थानिय शेयरधनिहरु लाइ पनि धन्यवाद दिदै आगामी दिनमा पनि वहाहरु वाट थप समय उपलब्ध हुने विश्वास लिएको छु । साथै लगनशीलताका साथ काम गर्ने कर्मचारी तथा जुनसुकै कठीनाइमा पनि सहयोगी रहदै आउनु भएका सम्पूर्ण संचालक साथीहरुलाइ पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।
अन्त्यमा आफनो व्यस्त समय दिइ यस सभामा उपस्थित भइ कम्पनीको हौसला बढाइदिनु भएकोमा शेयरधनि महानुभावहरुलाइ धन्यवाद दिनै संचालक समितिद्धारा प्रस्तुत प्रतिवेदनमाथि छलफल गरि अनुमोदन गरिदिन हुनको लागि हार्दिक अनुरोध गर्दछु ।

# संचालक समितीको प्रतिवेदन
## आर्थिक वर्ष २०८०।८१

आदरणिय शेयरधनी महानुभावहरु

यस कम्पनीको २०८०।८१ को वार्षिक साधारण सभामा म यहाहरुलाइ हार्दिक स्वागत गर्न चाहन्छु। म यस गरिमामय सभामा संचालक समितीको तर्फ वाट आर्थिक वर्ष २०८०।८१ को संचालक समितीको प्रतिवेदन र सोहि वर्षको लेखा परिक्षण भएका वित्तिय विवरणहरु सभा समक्ष स्वीकृतीको लागि प्रस्तुत गर्न गइरहेको छु।

### १) आर्थिक वर्ष २०८०।८१ कारोवारको सिहंलोकन

कम्पनिले पहिचान गरेर निर्माण गरेको हाडिखोला सुनकोशी ए साना जलविद्युत आयोजना (९९७ किलोवाट) निर्माण सम्पन्न भइ पाचौ वर्षमा सन्तोषजनक रुपमा संचालन भइरहेकोछ। कम्पनिको यस वर्षको आर्थिक गतिविधीहरु बुदागत रुपमा तल प्रस्तुत गरिएकोछ।

### क) विद्युत उत्पादन, विक्री लक्ष्य र आम्दानी

यस कम्पनीले हाडिखोला सुनकोशी ए साना जलविद्युत आयोजना (९९७ किलोवाट) वाट विद्युत उत्पादन गरि राष्ट्रिय प्रसारण लाइनमा आपूर्ति गर्दा २०८० श्रावण १ गते वाट २०८१ आषाढ मसान्त सम्मको अवस्था र आगामी १० वर्षमा हुने उर्जाको विद्युत विक्री र सोवाट हुने आम्दानीको प्रक्षेपणलाइ तालिका नं १, २ र तालिका नं ३ मा प्रस्तुत गरिएको छ।

तालिका नं १

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| CENTURY ENERGY LIMITED. | | | | | | | | | | |
| **Hadi Khola (Sunkoshi A) Small Hydropower Project (997 kW)** | | | | | | | | | | |
| **Monthly Energy and Revenue** | | | | | | | | | | |
| **Nos of Year since Operation** | | | **4** | | | | | | | |
| **Fiscal Year:** | | | 080/081 | | | | **Meter reading on Asad End** | | **18,681.38** | MWh |
| **S.No** | **Month** | **Meter Reading** | **Energy Delivered** | **Loss** | **Net Energy Delivered** | **Contract Energy** | **Payable Energy** | **Rate** | **Amount** | **Remarks** |
| | | **MWh** | **kWh** | **kWh** | **kWh** | **kWh** | **kWh** | **Nrs/kWh** | **NRs** | |
| 1 | Shrawan | 19,380.47 | 699,090.00 | 1,062.62 | 698,027.38 | 743,367.23 | 698,027.38 | 5.09 | 3,552,959.38 | |
| 2 | Bhadra | 20,031.11 | 650,640.00 | 988.97 | 649,651.03 | 697,633.00 | 649,651.03 | 5.09 | 3,306,723.73 | |
| 4 | Aswin | 20,688.55 | 657,440.00 | 999.31 | 656,440.69 | 675,128.71 | 656,440.69 | 5.23 | 3,433,184.81 | **3rd Escalation applied from Aswin 1** |
| 5 | Kartik | 21,250.91 | 562,360.00 | 854.79 | 561,505.21 | 652,624.00 | 561,505.21 | 5.23 | 2,936,672.26 | |
| 6 | Mangsir 1 | 21,603.60 | 352,690.00 | 536.09 | 352,153.91 | 349,204.00 | 349,204.00 | 5.23 | 1,826,336.92 | |
| 7 | Mangsir 2 | 21,931.02 | 327,420.00 | 497.68 | 326,922.32 | 349,204.29 | 326,922.32 | 9.16 | 2,994,608.47 | |
| 8 | Poush | 22,615.75 | 684,730.00 | 1,040.79 | 683,689.21 | 652,624.70 | 652,624.70 | 9.16 | 5,978,042.25 | |
| 9 | Magh | 23,233.17 | 617,420.00 | 938.48 | 616,481.52 | 652,624.00 | 616,481.52 | 9.16 | 5,646,970.74 | |
| 10 | Falgun | 23,755.38 | 522,210.00 | 793.76 | 521,416.24 | 607,638.00 | 521,416.24 | 9.16 | 4,776,172.77 | |
| 11 | Chaitra | 24,163.48 | 408,100.00 | 620.31 | 407,479.69 | 430,667.00 | 407,479.69 | 9.16 | 3,732,513.94 | |
| 12 | Baisakh | 24,561.24 | 397,760.00 | 604.60 | 397,155.40 | 674,281.00 | 397,155.40 | 9.16 | 3,637,943.51 | |
| 13 | Jestha 1 | 24,783.34 | 222,100.00 | 337.59 | 221,762.41 | 337,564.00 | 221,762.41 | 9.16 | 2,031,343.66 | |
| 14 | Jestha 2 | 25,008.27 | 224,930.00 | 341.89 | 224,588.11 | 382,573.31 | 224,588.11 | 5.23 | 1,174,595.80 | |
| 15 | Asadh | 25,522.60 | 514,330.00 | 781.78 | 513,548.22 | 675,831.97 | 513,548.22 | 5.23 | 2,685,857.18 | |
| | Total | | **6,841,220.00** | 10,398.65 | **6,830,821.35** | **7,880,965.20** | **6,796,806.92** | **7.18** | **47,713,925.41** | |

तालिका नं २

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | PPA | | | Actual | | Percentage | | Actual | | Percentage |
| S.No | Particulars | Energy | Rate (NRs.) | Revenue in 1st Year | Energy | Revenue in 1st Year | | Revenue in 2nd Year | Energy | Revenue | |
| 1 | Winter Energy (kWh) | 3703827 | 8.40 | 31,112,146.80 | 2,969,339.73 | 24,942,453.76 | 80.17% | 32,045,511.20 | 3,288,394.03 | 28,380,665.52 | 88.56% |
| 2 | Summer Energy (kWh) | 4174933 | 4.80 | 20,039,678.40 | 2,432,936.31 | 11,678,094.27 | 58.27% | 20,640,868.75 | 3,777,319.73 | 18,406,804.62 | 89.18% |
| | **Total** | **7,878,760.00** | | **51,151,825.20** | 5,402,276.04 | **36,620,548.03** | 69.22% | **52,686,379.96** | 7,065,713.76 | **46,787,470.14** | 88.87% |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | Actual | | Percentage | | Actual | | Percentage |
| | | | | Revenue in 3rd Year | Energy | Revenue | | Revenue in 4th Year | Energy | Revenue | |
| | | | | 32,978,875.61 | 3,107,838.42 | 27,659,761.95 | 83.87% | 33,912,240.01 | 3,142,842.28 | 28,797,595.23 | 84.92% |
| | | | | 21,242,059.10 | 2,887,549.26 | 14,565,129.18 | 68.57% | 21,843,249.46 | 3,652,964.64 | 18,916,330.09 | 86.60% |
| | | | | **54,220,934.71** | 5,995,387.68 | **42,224,891.13** | 76.22% | **55,755,489.47** | 6,795,806.92 | **47,713,925.32** | 85.76% |
| | | | | | | | | | | | |

तालिका नं ३

| Revenue for 10 Years | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| S.No | Years | Estimated Revenue | Actual Revenue | Generation Percentage | Remarks |
| 1 | Year 1 | 51,151,825.00 | **36,514,673.00** | 71.38% | only 10 months generation |
| 2 | Year 2 | 52,686,380.00 | **46,762,674.00** | 88.76% | 15 days machine shutdown |
| 3 | Year 3 | 54,001,803.77 | **42,224,891.13** | 74.82% | 20 days shutdown |
| 4 | Year 4 | 55,574,797.71 | **47,713,925.41** | 85.86% | |
| 5 | Year 5 | | | | |
| 6 | Year 6 | | | | |
| 7 | Year 7 | | | | |
| 8 | Year 8 | | | | |
| 9 | Year 9 | | | | |
| 10 | Year 10 | | | | |
| | | **Total** | **173,216,163.54** | | **Till asad end 081** |

तालिका नं ४

| | | | | Revenue for first 10 Years | | | |
|---|---|---|---|---|---|---|---|
| S.No | Particulars | PPA Energy | Rate (NRs.) | Year 1 (NRs.) | Year 2 (NRs.) | Year 3 (NRs.) | Year 4 (NRs.) |
| 1 | Winter Energy (kWh) | 3703827 | 8.40 | 31,112,146.80 | 32,045,511.20 | 32,978,875.61 | 33,912,240.01 |
| 2 | Summer Energy (kWh) | 4174933 | 4.80 | 20,039,678.40 | 20,640,868.75 | 21,242,059.10 | 21,843,249.46 |
| | **Total** | 7878760 | | 51,151,825.20 | 52,686,379.96 | 54,220,934.71 | 55,755,489.47 |
| | | Revenue for first 10 Years | | | | | |
| S.No | Particulars | Year 5 (NRs.) | Year 6 (NRs.) | Year 7 (NRs.) | Year 8 (NRs.) | Year 9 (NRs.) | Year 10 (NRs.) |
| 1 | Winter Energy (kWh) | 34,845,604.42 | 35,778,968.82 | 36,712,333.22 | 37,645,697.63 | 38,579,062.03 | 38,579,062.03 |
| 2 | Summer Energy (kWh) | 22,444,439.81 | 23,045,630.16 | 23,646,820.51 | 24,248,010.86 | 24,849,201.22 | 24,849,201.22 |
| | **Total** | 57,290,044.22 | 58,824,598.98 | 60,359,153.74 | 61,893,708.49 | 63,428,263.25 | 63,428,263.25 |
| | | | | | | | |
| | **Total in 10 Years** | **579,038,661.26** | | | | | |

ख) कम्पनिको खर्च विवरण

यस कम्पनीको आर्थिक वर्ष २०८०।८१ को सम्पूर्ण खर्च विवरणहरु तालिका नं ५ मा प्रस्तुत गरिएको छ। साथै कम्पनिको आगामी वर्षको बजेट तालिका नं ६ मा प्रस्तुत गरिएको छ।

तालिका नं ५

| Expenses for Fiscal Year 080-081 | | | |
|---|---|---|---|
| **S.No** | **Particulars** | **Amount (NRs.)** | **Remarks** |
| 1 | Interest to the Loan | 15,525,000.00 | |
| 2 | Premium | 17,052,562.00 | |
| 3 | Reserve Fund | 5,000,000.00 | |
| 4 | Salary for Staff | 2,500,000.00 | |
| 5 | Maintenance & Spare Parts | 1,270,000.00 | |
| 6 | Civil & HM maintenance | 4,500,000.00 | |
| 7 | Insurance | 651,000.00 | |
| 8 | Official Expense, Site visits etc | 1,650,000.00 | |
| 9 | Land acquisition for replacement with government | 650,000.00 | |
| 10 | Social Support & CSR | 400,000.00 | |
| 11 | Miscelleneous ( tax bank charges etc) | 1,100,000.00 | |
| | **Total** | **50,298,562.00** | |

ग) आगामी वर्षको अनमानित बजेट

यस कम्पनीले आगामी वर्ष ०८१।८२ को लागी वार्षिक अनुमान तल तालिका नं ६ मा प्रस्तत गरिएको छ।

तालिका नं ६

**Budgetting for Coming Fiscal Year 081-082**

| S.No | Particulars | Amount (NRs.) | Actual 080-081 | Remarks |
|---|---|---|---|---|
| 1 | Interest to the Loan | 10,782,500.00 | 15,525,000.00 | |
| 2 | Premium | 10,000,000.00 | 17,052,562.00 | |
| 3 | Reserve Fund | 6,000,000.00 | 5,000,000.00 | |
| 4 | Salary for Staff | 3,500,000.00 | 2,500,000.00 | |
| 5 | Maintenance & Spare Parts | 1,500,000.00 | 1,270,000.00 | |
| 6 | Civil & HM maintenance | 5,000,000.00 | 4,500,000.00 | |
| 7 | Insurance | 750,000.00 | 651,000.00 | |
| 8 | Official Expense, Site visits etc | 2,000,000.00 | 1,650,000.00 | |
| 9 | Land acquisition for replacement with government | 500,000.00 | 650,000.00 | |
| 10 | Social Support & CSR | 750,000.00 | 400,000.00 | |
| 11 | Misceller eous (Tax, Bank charges etc) | 1,250,000.00 | 1,100,000.00 | |
| | **Total** | **42,032,500.00** | **50,298,562.00** | |

चालु वर्षको लागि इन्स्योरेन्स वापतको भुक्तानी भैसकेको छ।

ग) संस्थापक शेयरधनी तथा हालको शेयर संरचना

सेन्चुरी इनर्जी लिमिटेड, हाडिखोला साना जलविद्युत आयोजना (९९७ किलोवाट) निर्माण गर्ने उद्देश्यले मिती २०६८।४।३१ मा एकल संस्थापक भएको कम्पनीका रुपमा दर्ता भएको र यस कम्पनिमा मिती ०७०।१।५ देखि ४ जना शेयर सदस्य थपभै सबै ५ जनाले ०७२ सालसम्म संचालकको रुपमा कार्य गर्न भएकोमा श्री युवराज बस्नेत ०७२ को भुकम्पमा परि देहान्त हुनुभएपछि ४ जना संचालक वाट काम भएको थियो । ततपश्चात विभिन्न मितीमा शेयरहोल्डरहरु थपिने कम बढदै आजका मिती सम्म ६७ जना थप भइ जम्मा ७२ जना कम्पनी रजिष्टारको कार्यलयवाट शेयर दर्ता प्रमाणित हुनुभएको छ। अहिले शेयर दर्ता प्रमाणित हुनुभएका जम्मा ७२ जना शेयरधनी वाट मिति २०८० साल आषाढ मसान्त सम्म रु ७,९२,९३,५००। प्राप्त भएको छ र कम्पनीको हालसम्मको चुक्ता पुजी रु ७,९२,९३,५०० रहेको छ। कम्पनि लिमिटेडमा परिवर्तन पश्चात हाल ८६ जना शेयर धनि वाट मिती २०८१ साल आषाढ मसान्त सम्म रु १२,००,००,०००। प्राप्त भइ कम्पनिको चक्ता पजी रु १२ करोड रहेको छ।

कम्पनीको हाल सम्मको शेयर पुजी, शेयर संख्या र जम्मा पुजीको अवस्था निम्नानुसार तालिका नं ६ मा प्रस्तुत गरिएको छ।

तााालिका ७

| सि नं | विवरण | आ व ०६९।७० | ०७०।७१ | ०७३।७४ | ०७४।७५ | ०७४।७५ | ०७५।७६ | ०७७।७८ | ०८०।८१ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शेयरधनी संख्या | १ | ५ | ११ | १५ | २० | ४६ | ७२ | ८६ |
| २ | शेयर पुजी | २५ लाख | २५ लाख | ३६.५ लाख | ९८.७५ लाख | १७०.२५ लाख | ६७६ लाख | ७९२ लाख | १२०० लाख |
| ३ | शेयर आवेदन रकम | | | | | | ११६ लाख | | |
| ४ | जम्मा शेयर | २५००० | २५००० | ३६५०० | ९८७५० | १७०२५० | ६७६००० | ७९२९३५ | १२००००० |
| ५ | जम्मा पुजी | | | | | | ७९२ लाख | ७९२.९३ लाख | १२०० लाख |
| | | | | | | | | | |

३) आर्थिक वर्ष २०८०।८१ का मख्य उपलब्धी तथा घटनाहरु

कम्पनि वाट पर्वर्तित हाडिखोला साना जलविद्युत आयोजना (९९७ किलोवाट) को आर्थिक वर्ष २०८०।८१ भित्र सम्पन्न भएका वा जारी रहेका मूख्य कार्यहरु तल उल्लेख गरिएको छ।

क) पावरहाउस नियमित रुपमा संचालन भइ लक्ष्यको करिब ८६ प्रतिशत आम्दानी गर्न सफल भएको।

ख) सिभिल तथा हाइडोमेकानिकल तर्फ लक्षय अनुसारको मर्मत कार्यहरु सम्पन्न भएको।

ग) नेविप्रा संग समन्वय गरि पावरहाउस सम्मको प्रसारण लाइन मर्मत गर्ने कार्य सम्पन्न भएको ।
घ) गत वर्षको मनसनका कारणले आएको बाढि पहिरोले भएको क्षतिको विमा कम्पनिलाइ निरिक्षण गराइ विमा दाबी समेत भुक्तानी भइसकेको छ ।
ङ) कम्पनिलाइ लिमिटेडमा परिवर्तन पश्चात शेयर सदस्य थप गरि रु ४ करोडका स्वपजी वृद्धि भएको छ ।
च) साधारण शेयर जारी गर्ने प्रकिया अन्तर्गत कम्पनिलाइ रेटिड (BBB -) प्राप्त भएको छ ।
छ) कम्पनिको साधारण शेयर निष्कासनका लागी NIMB ACE Capital Ltd. संग सम्झौता गरि Issue Manager को काम जिम्मा दिइएको छ ।

४) कम्पनीको भावी योजना

२०८१।८२ आर्थिक वर्ष भित्र कम्पनिको साधारण शेयर निष्कासन गर्ने प्रक्रिया परा गरिनेछ । यसरी कम्पनिमा थप हुने रकम लाइ अन्य आयोजनामा लगानी गर्ने वा पूजी बृद्धि भइसकेको कम्पनिलाइ अन्य कम्पनि संग एकिकृत गराइ अन्य जलविद्युत आयोजनाको निमार्ण लाइ अगाडि बढाउने भन्ने विषयहरुको निर्णयमा पुग्नका निम्ति संचालक समितीले थप गृहकार्य गर्न आवश्यक देखिएको छ ।

५) कम्पनीको व्यवसायिक सम्बन्ध

आयोजना निर्माण तथा संचालनका लागि सबैक्षेत्रको सहयोग आवश्यक पर्दछ । कम्पनीको व्यवसायिक सम्बन्ध मूलत नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण, कम्पनी रजिष्टारको कार्यलय, उधोग विभाग, बाह्रबिसे नगरपालिका र त्रिपुरासुन्दरी गाउपालिका तथा स्थानिय बासिन्दा, आयोजना सफलतापूर्वक संचालन गरिरहनका निम्ती प्राविधिक परामर्श प्रदान गरिरहनु भएका विभिन्न परामर्शदाताहरु संगको थप समधुर सम्बन्धले पनि कम्पनीले अझ सफलता हासिल गर्न सक्ने विशाससहित सम्बन्धलाइ अझ बलियो बनाउन सदैव सजग रहदै आएको छौं ।

६) संस्थागत सामाजिक उतरदायित्व - कम्पनिले निर्माण गरिरहेको हाडिखोला साना जलविद्युत आयोजना ९९७ किलोवाट जलविद्युत परियोजना निर्माण गरिरहेको क्षेत्रमा सामाजिक उत्तरदायित्व अन्तर्गत निम्न कार्यहरु सम्पन्न गरेको छ ।

- कम्पनिले आयोजना स्थल वरपरको स्थानिय तहहरु संग समन्वय सहित विभिन्न कार्यहरु गरेको तथा सहयोग उपलब्ध गराएको छ । जस अनुसार त्रिपरासुन्दरी गाउपालिका वार्ड नं १ मा कम्पनिले वडा कार्यलयको अनुरोधमा रु ३ लाख १० हजार बराबरको मेसिनरी पर्खाल लगाउने र सोलिडको कार्य गरेको, बाह्रबिसे नगरपालिका वार्ड नं १ तथा बाह्रबिसे नगरपालिका वार्ड नं २ का लागी रु ३ लाख नगद सहयोग उपलब्ध गराइएको हो ।
- बाह्रविसे वाट आयोजना स्थलसम्म पुग्ने पहुचमार्ग लाइ मर्मत गर्ने कार्यमा समेत कम्पनीले सहयोग गरेकोछ ।
- आयोजना स्थलको पावरहाउस वाट मुहानतर्फ जाने स्थानिय सडकको नियमीत मर्मतको कायर्मा पनि कम्पनी वाट सहयोग भएको छ ।
- आयोजना स्थल वरपरका सामाजिक संस्था, क्लब, विधालय आदिलाइ पनि आयोजना वाट सहयोग जारी रहेको छ ।

७) संचालक समिती

कम्पनीको नियमावलि अनुसार यस कम्पनीमा ७ जना सञ्चालकहरु रहनेछन । संस्थापक समुह वाट ५ जना, सर्वसाधरण वाट १ जना तथा स्वतन्त्र संचालक १ जना रहनेछन । संचालकहरुको कार्यकाल ४ वर्षको रहने प्रावधान रहेको छ। हाल कार्यरत संचालकहरु निम्न अनुसारको हनुहुन्छ ।

तालिका ८

| क सं | नाम थर | प्द | संचालकमा हेरफेर तथा परिवर्तन भएको भए |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद दुलाल | संचालक अध्यक्ष | |
| २ | खडक बहादुर श्रेष्ठ | संचालक | |
| ३ | तिर्थ कुमार सिंह | संचालक | |
| ४ | अनु निरौला बस्नेत | संचालक | |
| ५ | विश्व प्रकाश गौतम | संचालक | |
| ६ | माधव राज घिमिरे | स्वतन्त्र संचालक | |

साथै ऋण लगानीको कममा बैक संग निम्न पदाधिकारी र शेयर होल्डर सदस्यहरुले व्यक्तिगत जमानी समेत दिनु भएको छ ।

तालिका ९

| क सं | नम थर | पद | तपसिल |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद दलाल | संचालक अध्यक्ष | |
| २ | खडक बहादुर श्रेष्ठ | संचालक | |
| ३ | तिर्थ कुमार सिंह | संचालक | |
| ४ | अनु निरौला बस्नेत | संचालक | |
| ५ | विश्व प्रकाश गौतम | संचालक | |
| ६ | सुनिता प्याकुरेल | शेयरसदस्य | |
| ७ | सिजर्नी एण्ड इनर्जी इनभेष्टमेन्ट फण्ड प्रा लि | शेयरसदस्य | |

८) आन्तरिक नियन्त्रण प्रणलि - प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली कम्पनीको आर्थिक तथा प्रशासनिक कार्य संचालना चुस्त र दुरुस्त राख्ने कुरामा कम्पनी विश्वस्त रहि सोहि अनुरुप कार्य गरिरहेको छ । आन्तरिक नियन्त्रण प्रणालिलाइ सवल वनाइ राख्न कम्पनी ऐन २०६३ को दफा १६४ मा व्यवस्था भए अनुरुप कम्पनीको संचालक समितीले लेखा परिक्षण समिती गरि सोहि समितीको निर्देशन एवं अनुगमनमा कम्पनीको लेखा परिक्षण कार्य गरिनेछ ।

९) धन्यवाद ज्ञापन अन्त्यमा यस कम्पनी प्रति शेयरधनि महानभावहरुले देखाउन भएको आस्था, सदासयता तथा विश्वास प्रति कम्पनि हार्दिक धन्यवाद तथा कृतज्ञता गर्दछौ ।

**धन्यवाद ।**